परिच्छेद

४

# आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

४.१ मानव बेचबिखनमा पूर्वी नाकाको प्रयोग

४.२ मधेश प्रदेशका हरुवा चरुवा : आधुनिक बाँधाश्रम

४.३ वनकरिया समुदायको आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

४.४ मानव अधिकारमुखी व्यवसायको कसीमा कास्कीको पर्यटन व्यवसाय

४.५ बाँके, बर्दियाका अल्पसङ्ख्यक खुना र सोनाहा जातिः पहिचानको समस्या

४.६ कर्णाली राजमार्ग, सडक दुर्घटना र मानवीय क्षति

४.७ बालबालिकामा कुपोषणको प्रभाव

# ४.१ मानव बेचबिखनमा पूर्वी नाकाको प्रयोग

**परिचय**

मानव तस्करहरूले मोरङ जिल्लाको रानी-विराटनगर-जोगबनी नाका र झापा जिल्लाको काकडभिट्टा-पानीट्याङ्की नाका मानव बेचबिखनका लागि तस्करीको मुख्य रूपमा प्रयोग गर्दै आएका छन्। यसबाहेक इलामको पशुपतिनगर, झापाको भद्रपुर र गलगलिया, सुनसरीको कोशी नाका मानव बेचबिखनका लागि मानव तस्करहरूले प्रयोग गर्ने अर्का नाकाहरू हुन्। इन्सेक अभिलेख अनुसार सन् २०२२ मा बेचबिखन तथा ओसारपसार प्रयासका घटनामा १६ जना पीडित भएको देखिन्छ (इन्सेक, २०२३)।

राष्ट्रिय मानव अधिकार आयोग, कोशी प्रदेश प्रहरी कार्यालयको तथ्याङ्क, इन्सेकको अभिलेख, माइती नेपाल लगायतका सङ्घसंस्थाको तथ्याङ्कलाई अध्ययन गर्दा मानव बेचबिखनका लागि मुलुकको पूर्वी नाकाहरू मानव बेचबिखन गर्ने समूहको रोजाइमा पर्दै आएको देखिन्छ।

सन् २०२३ मा ओसारपसारका घटनामा २५ जना बालिका, बेचबिखन प्रयासमा १३ जना महिला र ओसारपसारमा २६ जना महिला परेको इन्सेक अभिलेखमा छ। कोशी प्रदेशका उदयपुर, झापा, मोरङ, सुनसरी, खोटाङ र इलामका नागरिक मानव बेचबिखन तथा ओसारपसारमा पर्ने गरेको प्रहरीको तथ्याङ्कमा देखिन्छ। आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७९/०८० मा कोशी प्रदेश प्रहरी कार्यालयले मानव बेचबिखनविरूद्धका १ सय ७७ थान मुद्दा अदालतमा दर्ता गरेको छ। जसमध्ये १ सय ६६ थान मुद्दा अदालतबाट फैसला भएका छन्। सो अवधिमा १ सय ७५ जना महिला, ४८ जना बालिका, दुई जना बालक मानव बेचबिखनमा परेका छन्। पूर्वी नाकाको प्रयोग गरी मानव बेचबिखन तथा ओसार पसार गर्ने कार्यमा संलग्न भएको आरोपमा प्रहरीले २ सय १५ जना पुरुष र ८८ जना महिलालाई गिरफ्तार गरेको र ६० जना पुरुष र १३ जना महिला फरार रहेको प्रहरीको तथ्याङ्कमा उल्लेख छ।

उदयपुरका तीन जना महिलाले २०७९ माघ २६ गते आफूहरूलाई भारत लगेर बेच्ने प्रयास भएको भनेर प्रहरीमा उजुरी गरे। आरोपपत्र अनुसार उनीहरूलाई आरोपितले १० लाख दिन्छु भनी माघ २५ गते भारततिर लैजाने प्रयास गरेका थिए। प्रहरीले आरोपित चौदण्डीगढी नगरपालिकाकी कुमारी परियार र कञ्चनपुर नगरपालिका, सप्तरीका मोहम्मद नाजिरविरूद्ध ०७९ फागुन २१ गते अदालतमा मुद्दा दर्ता गरेको थियो। उदयपुर जिल्ला अदालतका न्यायाधीश कृष्णप्रसाद सुवेदीको फागुन २२ गतेको इजलासले आरोपितलाई पुर्पक्षका लागि थुनामा पठाउने आदेश गऱ्यो।

प्रहरीमा मानव बेचबिखनविरुद्ध परेका उजुरीको विश्लेषण गर्दा, मानव बेचबिखनका मुद्दामा प्राय: पीडितलाई प्रलोभनमा पारेको र कतिपयलाई डर धम्की दिइएको पाइयो। २१ र ३१ वर्षीया महिलालाई २०७७ फागुन महिनामा बेचबिखन प्रयास गरेको आरोपमा प्रहरीले विराटनगर महानगरपालिका-१६ का काजी तामाङ र प्रेमबहादुर मगरलाई प्रहरीले गिरफ्तार गरी मुद्दा चलायो। अदालतले मानव बेचबिखनमा संलग्न भएको ठहर गरी दुवै आरोपितलाई ६-६ वर्ष कैद सजाय सुनायो।

संयुक्त राष्ट्रसङ्घ मानव अधिकार उच्च आयुक्तको कार्यालयले मानव बेचबिखनलाई प्रष्टसँग परिभाषित गरेको छ। जसअनुसार बेचबिखन भन्नाले 'व्यक्तिको इच्छा वा इच्छाबिना देशभित्र वा बाहिर पैसा कमाउने उद्देश्य वा अन्य कुनै पनि उद्देश्यले यौन कार्यका लागि गरिने महिला तथा बालबालिकाको ओसारपसार वा किनबेचलाई' बुझाउँछ। नेपालको कानुनले यसलाई झनै प्रष्ट पारेको छ। मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४ को दफा ४ उपदफा (१) ले मानव बेचबिखनको परिभाषा गरेको छ। जसअनुसार 'कुनै पनि उद्देश्यले मानिस बेच्ने वा किन्ने, कुनै प्रकारको फाइदा लिइ वा नलिई वेश्यावृत्तिमा लगाउने, प्रचलित कानुन बमोजिम बाहेक मानिसको अङ्ग झिक्ने, वेश्यागमन गर्ने, किन्ने वा बेच्ने उद्देश्यले मानिसलाई विदेशमा लैजाने, वेश्यावृत्तिमा लगाउने वा शोषण गर्ने उद्देश्यले कुनै प्रकारले ललाइफकाइ, प्रलोभनमा पारी, झुक्याइ,

जालसाज गरी, प्रपञ्च मिलाइ, जबजस्ती गरी, करकापमा पारी, अपहरण गरी, शरीर बन्धक राखी, नाजुक स्थितिको फाइदा लिइ, बेहोस पारी, पद वा शक्तिको दुरूपयोग गरी, अभिभावक वा संरक्षकलाई प्रलोभनमा पारी, डर, त्रास, धाक, धम्की दिइ वा करकापमा पारी कसैलाई बसिरहेको घर, स्थान वा व्यक्तिबाट छुटाइ लग्ने वा आफूसँग राख्ने वा आफ्नो नियन्त्रणमा लिने वा कुनै स्थानमा राख्ने वा नेपालभित्रको एक ठाउँबाट अर्को ठाउँमा वा विदेशमा लैजाने वा अरू कसैलाई दिने' कार्यलाई मानव बेचबिखन भनिएको छ।

नेपालमा मानव बेचबिखनको जोखिम सधैँ रहँदै आएको छ। तर, प्राकृतिक विपत् वा अरु सङ्कटग्रस्त अवस्थामा यो बढ्ने गरेको पाइन्छ। जस्तै, ०७२ वैशाख १२ गतेको भूकम्पपछि धेरै जिल्लामा मान्छे कामको खोजीमा शहर पसेका थिए। तीमध्ये धेरै विदेशतिर पनि लागेका थिए। यो क्रम ०७६ चैत ११ गतेदेखि कोभिड-१९ विरूद्धको प्रतिकार्यका लागि सरकारले देशव्यापी लकडाउन गरेपछि बढेको थियो। २०७६/०७७ को चैत समान्तसम्म वैदेशिक रोजगार विभागबाट २ लाख ३७ हजार ९ सय ६१ जना श्रम स्वीकृति लिएर श्रमका लागि विदेशिएको तथ्याङ्क छ। दैनिक सयौँ नेपाली कामको खोजीमा भारत जाने गरेको अवस्था छ। (आर्थिक वर्ष ०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्ड)

भूकम्प र कोभिड-१९ महामारीका समयमा मानव बेचबिखनका लागि प्रयोग गरिने शैलीहरू आजका दिनमा फेरिएको अध्ययनका क्रममा पाइयो। अहिले आएर मानव बेचबिखनका लागि सामाजिक सञ्जालको अत्यधिक प्रयोग हुने गरेको देखिन्छ। व्यक्ति प्रत्यक्ष रूपमा संलग्न भएर सीमा पार गराउने परिपाटीलाई सामाजिक सञ्जालको प्रयोगले बदलिदिएको पाइएको छ। मानव बेचबिखन रोकथाम तथा न्यूनीकरणका लागि नेपाल प्रहरी र सामाजिक सङ्घसंस्थाले सीमा निगरानीकर्ताको परिचालन गरेका छन्। तर, मानव बेचबिखनका रूपहरू फेरिएका कारण समस्या अझ जटिल भएको यस अध्ययनले देखाएको छ।

मानव बेचबिखन एक गम्भीर सामाजिक समस्या हो। मानवलाई आर्थिक, श्रम, यौन शोषण वा मानव अङ्गहरूको प्रयोगका लागि बेचबिखन गरिन्छ। मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण ऐन, २०६४ का अनुसार "कुनै पनि उद्देश्यले मानिस किनबेच गर्ने, श्रमशोषण गर्ने, वेश्यावृत्तिमा लगाउने र कानुनी प्रावधान विपरीत हुने गरी मानिसको अङ्ग झिक्ने काम नै मानव बेचबिखन हो।"

**नेपालमा मानव बेचबिखन**

मानव बेचबिखन र ओसारपसार सङ्गठित अपराध हो। यो समस्या नेपालमा सन् १९८० को दशकदेखि बढी देखिन थालेको पाइन्छ। सन् १९८० र ९० को दशकमा भारतमा यौन व्यवसायका लागि नेपाली बालिका र महिलाहरूको बेचबिखन हुने गरेका समाचार विभिन्न पत्रपत्रिकामा छापिन थालेका थिए। त्यसबेला नेपाली महिला प्रायः भारतको बम्बई हाल मुम्बइ पुऱ्याइन्थे (भण्डारी, २०६०)। नेपाली महिलाहरू बेचिएपछि त्यहाँ बन्दीजस्तै गरेर राखिन्थे। अन्तर्राष्ट्रिय श्रम सङ्गठन (आइएलओ) काठमाडौं कार्यालयका अनुसार तत्कालीन समयमा वार्षिक १२ हजार हराहारी महिला तथा बालबालिका ओसारपसार हुने गरेका थिए

कोशी प्रदेश प्रहरी कार्यालयको ६ आर्थिक वर्ष (२०७४-०७५, २०७५-०७६, २०७६-०७७, २०७७-०७८, २०७८-०७९ र २०७९-०८०) को मानव बेचबिखन तथा ओसारपसारको तथ्याङ्कलाई विश्लेषण गर्दा पूर्वी नाकाबाट २ सय २५ जनाको बेचबिखन भएको थियो। कोशी प्रदेशका उदयपुर, झापा, मोरङ, सुनसरी, खोटाङ र इलामका नागरिक मानव बेचबिखनको पर्ने गरेको प्रहरीको तथ्याङ्कले देखाउँछ। आर्थिक वर्ष २०७४/०७५ देखि आर्थिक वर्ष २०७९/०८० मा कोशी प्रदेश प्रहरी कार्यालयले मानव बेचबिखनविरूद्धका १ सय ७७ थान मुद्दा अदालतमा दर्ता गरेको थियो। जसमध्ये १ सय ६६ ओटा मुद्दा अदालतबाट फैसला भएका छन्। सो अवधिमा १ सय ७५ जना महिला, ४८ जना बालिका, दुई जना बालक मानव बेचबिखनमा परेका थिए। मानव बेचबिखनमा पुरुषकै संलग्नता बढी देखिन्छ। सो अवधिमा पूर्वी नाकाको प्रयोग गरी मानव बेचबिखनमा २ सय १५ जना पुरुष र ८८ जना महिला सक्रिय भएको देखिन्छ। यी मध्ये ६० जना पुरुष र १३ जना महिला ०८० पुस १५ गतेसम्म फरार रहेको प्रहरीको तथ्याङ्कले देखाउँछ।

**मानव बेचबिखनको बदलिँदो स्वरूप**

सूचना प्रविधिमा आएको परिर्वतनसँगै मानव बेचबिखनको स्वरूप पनि फेरिएको छ। सूचना

प्रविधिको प्रयोग हुनुअघि मानव तस्करहरू प्रत्यक्ष सहभागी भएर बेचिनेलाई सीमा नाका कटाउने गरेका थिए। अहिले पीडित वा प्रभावित एक्लैले सीमाना पार गर्ने गरेका छन्। जसले गर्दा को कहाँ जाँदैछ वा कसलाई कहाँ लगिँदै छ भन्ने छुट्याउन, बेचबिखनमा परेकाहरू चिन्न, यसलाई रोक्न लागिपरेका संस्थाहरूलाई गाह्रो परेको छ। फेसबुक, इमो, भाइबर, ह्वाट्सअप, म्यासेन्जर र टिकटकजस्ता सामाजिक सञ्जालमा मानव तस्करहरूले योजनाबद्ध अभियान चलाउने र त्यस्ता अभियानहरूमा जोडिएर बेचबिखनमा पर्ने गरेको यसको रोकथाममा लागेका संस्थाका प्रतिनिधिहरू बताउँछन्। सामाजिक सञ्जालबाट सम्पर्क र सूचना आदानप्रदान व्यक्तिगत रूपमा हुने भएकाले प्रहरी, प्रशासन, सामाजिक सङ्घसंस्थालाई प्रत्यक्ष हस्तक्षेप गर्न असहज हुने हुँदा आजका दिनमा मानव तस्करहरूका लागि सामाजिक सञ्जाललाई सम्पर्क र सूचना आदानप्रदानको माध्यम भएको छ।

कोशी प्रदेशका मुख्यगरी झापाको काकडभिट्टा र मोरङको रानी जोगबनी नाका मानव तस्करीका मुख्य केन्द्र बनेका छन्। काकडभिट्टा नाकाबाट र रानी जोगवनी नाकाबाट भारत हुँदै तेस्रो मुलुक पुऱ्याउने गरेको पाइएको छ (पोखरेल, २०८०)। मानव बेचबिखन यौनशोषणका लागि, श्रम शोषणाका लागि, बधुँवा मजदुरीका लागि, बाल मजदुरका लागि, धर्म सन्तानको नाममा, रोजगार तथा वैदेशिक रोजगारको प्रलोभनमा, वैवाहिक नातासम्बन्धका नाममा, अध्ययन वा व्यापारका नाममा, मानव अङ्ग तस्करीका लागि मानव बेचबिखन हुने गरेको यस अध्ययनका क्रममा पाइएको छ।

संसारभर बेचिएका महिला, पुरुष र बालबालिकाहरूलाई जबरजस्ती यौन कार्यमा लगाउन, श्रमशोषण गर्न, जबरजस्ती सशस्त्र युद्धमा प्रयोग गर्न, अश्लील फिल्म निर्माण गर्न, सर्कसमा प्रयोग गर्न, लागु औषध ओसारपसार गराउन, अवैध हातहतियारको कारोबारमा प्रयोग गर्न र अरु गैरकानुनी काम गराउने गरिन्छ। मानव अङ्ग झिक्न र त्यसको व्यापारका लागि पनि मानव तस्करी गरिन्छ। प्राय: घरेलु हिंसामा परेका महिलाहरू बढी मानव बेचबिखनमा पर्ने गरेको अध्ययनका क्रममा पाइयो। घरपरिवार र पतिसँगको सम्बन्ध बिग्रिएका, घरेलु हिंसामा परेका, घरनिकाला गरिएका महिलाहरू मानव बेचबिखनमा बढी परेका छन्। हिंसामा परेकाहरू सधैं अवसरको खोजीमा रहने भएकाले मानव तस्करहरूले सहजै प्रभावमा पारी बेचबिखन गर्ने गरेका, यस क्षेत्रमा काम गर्ने संस्थाका प्रतिनिधिहरूको भनाइ छ। यी धेरै कारणका पछाडि गरिबी र बेरोजगारी त छँदैछ त्यसका अलावा आधुनिक सुविधाको उपभोग गर्ने रहर, धन कमाउने, विदेश घुम्ने रहर आदिका कारण महिला र बालबालिका उच्च जोखिममा पर्ने गरेका छन्। भारतसँगको खुला सीमानाले यसलाई सहज बनाएको छ भने त्यसका अलावा भारत हुँदै अवैध वैदेशिक रोजगारका लागि अन्य देशमा जाने आशमा पनि बेचबिखनमा पर्ने गरेका छन्। साथै चेतनाको कमी र अपराधीको न्यून पहिचान र कानुनको प्रभावकारी कार्यान्वयनको अवस्थाले पनि यसलाई बढावा दिएको छ।

झापाको काकडभिट्टा र मोरङको रानी-जोगवनी नाकालाई मानव तस्करहरूले फरकफरक रूपमा प्रयोग गर्ने गरेको छ। रोजगारीका लागि जानेहरूलाई मानव तस्करहरूले रानी-जोगबनी नाकाबाट भारत पुऱ्याउने गरेका छन्। जोगबनी प्रवेश गर्ने बित्तिकै भारतका विभिन्न शहर जाने रेल छुट्ने भएकाले मानव तस्करहरूले किनमेलका नाममा महिला र बालबालिकालाई भारतका विभिन्न शहरमा पुऱ्याउने गरेका छन्। नेपाल भारत खुला सीमा नाकाका कारण र खेतको बाटो भएर भारत प्रवेश गर्दा सिधा भारतीय चोक वा बजारमा पुगिने भएकाले मानव तस्करहरूले रानी-जोगबनी नाकालाई प्रयोग गर्ने गरेका छन् (पूर्ववत्)।

मानव तस्करहरूले व्यापार वा घुमफिरका नाममा झापाको काकडभिट्टा नाका भएर भारत पुऱ्याउने गरेका छन्। काकडभिट्टामा नेपाली बस्ती र भारतको पानीट्याङ्कीमा समेत नेपाली बस्ती भएका कारण मानव तस्करहरूले काकडभिट्टा नाकाको प्रयोग गरी भारत पुऱ्याउने गरेको यो अध्ययनले देखाएको छ। काकडभिट्टादेखि ४५ किलोमिटर पूर्वमा खालपाडामा रेडलाइट एरिया भएकाले मानव बेचबिखनका लागि काकडभिट्टा नाकाको बढी प्रयोग हुने गरेको छ (घिमिरे, २०८०)।

**समस्या न्यूनीकरणका लागि गरिएका प्रयास**

मानव बेचबिखन रोक्नका लागि तीन ओटै तहका सरकार सक्रिय छन्। तर, नजिता सकारात्मक छैन। यो समस्या न्यूनीकरण गर्न कुनै एउटा व्यक्ति वा निकायबाट मात्र सम्भव छैन। यसका लागि विभिन्न संस्थाहरूले क्षमताअनुसार विभिन्न काम गर्नुपर्ने हुन्छ। उदाहरणका लागि गैरसरकारी संस्थाले चेतना फैलाउने,

शैक्षिक संस्थाले पाठ्यसामग्री तयार गरी यो विषय पाठ्यपुस्तकमा समावेश गरेर विद्यालयदेखि नै बालबालिकालाई शिक्षित गराउने, तालिम गर्ने संस्थाले रोजगारीका लागि जाने व्यक्तिलाई यसबाट बच्न चाहिने ज्ञान प्रदान गर्ने आदि पर्दछन्।

समुदायस्तरमा परिवारका सदस्यलाई चेतना फैलाउने र गाउँघरका शङ्कास्पद व्यक्ति र जोखिममा रहेका व्यक्तिहरूको बारेमा निगरानी राख्ने, परामर्श दिने र आवश्यकताअनुसार सम्बन्धित निकायसँग समन्वय गर्ने, अर्को यो समस्या न्यूनीकरण गर्ने उपाय हुन सक्छ।

अर्को पक्ष बेचबिखनमा परेका पीडित र प्रभावितहरूलाई आवश्यक सहयोग र परामर्श प्रदान गर्ने, हिंसामा परेकालाई आत्मसम्मानपूर्वक बाँच्न पाउने वातावरण सृजना गर्दै पुनर्स्थापनाका लागि क्रियाशील रहने व्यवस्था हुन पनि जरुरी छ। त्यस्तै कानुन कार्यान्वयन गर्ने संस्थालाई सक्षम बनाउन प्रविधि र त्यसको प्रयोगको तालिम पनि आवश्यक छ।

नेपाल सरकारले विदेशमा मानव बेचबिखनको जोखिममा रहेका नेपालीहरूको उद्धारका लागि 'इन्टरपोल' सँग समन्वय, सीमा क्षेत्रका प्रवेश नाकाहरूमा विशेष सतर्कता, चेकजाँच, अत्यधिक वैदेशिक रोजगारीमा जाने जिल्लाहरूमा निगरानी, मानव बेचबिखनसम्बन्धी सचेतना, अन्तर्राष्ट्रिय विमानस्थलमा सरोकारवालाहरूसँग समन्वय, सहकार्य र मानव बेचबिखनका सम्भाव्य पीडितहरूको पहिचान, उद्धार तथा देशभर मानव बेचबिखनका जोखिम र प्रभावहरूबारे चेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ। अन्तर्राष्ट्रिय विमानस्थलमा मानव बेचबिखनविरुद्ध श्रव्यदृश्य सामग्री, सीमा नाकाका बसपार्कहरूमा सीमा निगरानीकर्ता, सचेतनामूलक डिजिटल सूचना बोर्ड, होडिङ बोर्ड, पोष्टर तथा सीमा नाका प्रवेश र सीमा नाका छाड्नेहरूको अभिलेख आदि राख्ने गरेको छ।

यो समस्याको अन्त्य गर्ने प्रयासहरूमध्ये प्रहरीले मानव बेचबिखन नियन्त्रणका लागि ब्यूरो खडा गरी काम गरिरहेको छ। कोशी प्रदेश प्रहरी कार्यालयले मानव बेचबिखन नियन्त्रणका लागि सीमाक्षेत्रमा कडा निगरानी, घुमुवा वा गुप्तचरको प्रयोग गरी, यो अपराधका आरोपितहरूलाई गिरफ्तार गर्ने, मुद्दा चलाउने र अदालती सजाय दिलाउने काम गर्दै आएको छ।

मानव बेचबिखन तथा ओसारपसारका घटनाको अध्ययन गर्दा काकडभिट्टा नाका अरू नाका भन्दा अलि बढी संवेदनशील रहेको छ। यो नाकामा वारि र पारि दुवैतर्फ नेपाली समुदायको बसोबास भएको हुँदा मानव तस्करहरूलाई धेरै सहज भएको छ भने सीमा क्षेत्रमा ठूल्ठूला होटलहरू खोलिएका कारण सङ्गठित अपराधमा संलग्नहरूलाई बस्न सहज छ भने, सामाजिक सञ्जाल प्रयोग गरी बेचबिखनमा

**तालिका ४.१.१ ६ आर्थिक वर्षको (२०७४ देखि ८०) मानव बेचबिखन जिल्लागत तथ्याङ्क**

| क्र.सं. | जिल्ला | दर्ता सङ्ख्या | फैसला | बाँकी | गिरफ्तार | | फरार | | पीडित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | पुरुष | महिला | पुरुष | महिला | महिला | बालक | बालिका |
| १. | उदयपुर | ७ | ७ | | ६ | ७ | | | ६ | १ | ५ |
| २. | झापा | ६५ | ६० | ५ | ६४ | ३९ | १२ | २ | ७८ | | २१ |
| ३. | मोरङ | ४० | ३७ | ३ | ५७ | ९ | ११ | १ | २५ | | १५ |
| ४. | सङ्खुवासभा | २ | २ | | २ | २ | | | | | ३ |
| ५. | सुनसरी | ४९ | ४७ | २ | ६९ | २६ | ३३ | ४ | ५५ | | ९ |
| ६. | खोटाङ | २ | २ | | ४ | | | ६ | २ | | |
| ७. | इलाम | ८ | ८ | | ७ | २ | १ | | ६ | | २ |
| ८. | पाँचथर | २ | १ | १ | ४ | २ | १ | | २ | | |
| ९. | तेह्रथुम | १ | १ | | १ | | | | | १ | |
| १०. | सोलुखुम्बु | १ | १ | | | १ | | | १ | | |
| जम्मा | | १७७ | १६६ | ११ | २१४ | ८८ | ५८ | १३ | १७५ | २ | ५५ |

(स्रोत : कोशी प्रदेश प्रहरी कार्यालय, विराटनगर, २०२३)

परेकाहरूलाई प्रहरीले सोधे के भन्ने पनि सिकाएको हुन्छ (चिमोरिया, २०८०)। यो अवस्थामा बेचबिखनको निगरानीलाई चुस्त बनाउन भारतीय प्रहरीसँग समन्वय गरी अपराध नियन्त्रण गर्ने प्रयास गरिएको छ। मानव बेचबिखनविरुद्धको काम गरिरहेका गैरसरकारी संस्थाहरूले प्रहरीसँग समन्वयका साथै समाजमा चेतना फैलाउने काममा लागेका छन्।

माइती नेपालले अटोचालक र रिक्सा चालकलाई मानव बेचबिखनका विषयमा समयसमयमा तालिम दिने गरेको छ। तालिममा शङ्का लागे माइती नेपाल र प्रहरीलाई सूचना दिन सकिने संयन्त्रको र सूचना दिने विधिको बारेमा सिकाइन्छ। काकडभिट्टा र जोगबनी नाकामा पनि यस्तो व्यवस्था गरिएको छ। संस्थाका सीमा निगरानीकर्ताले पनि सीमा कटेर जानेहरूलाई सोधपुछ गर्ने, किन के का लागि भारत जान लागेको, रोजगारीका लागि भए कम्पनी वा फार्मको कागजात माग्ने गरेका छन्। सोधपुछका क्रममा शङ्का लागे प्रहरीमा खबर गर्ने गरिएको छ (घिमिरे, २०८०।

**निष्कर्ष**

नेपालमा मानव बेचबिखन नियन्त्रण गर्ने प्रयोजनका लागि आकर्षण हुने गरी नीति तथा कानुन छन्। नीतिगत व्यवस्था तीन ओटा, कानुनी व्यवस्था दुई ओटा, बालबालिकासँग सम्बन्धित कानुन १४ ओटा, संस्थागत संरचना अन्तर्गत व्यवस्थापिका र त्यसभित्र एक ओटा, कार्यपालिकाभित्र १८ ओटा, न्यायपालिकाभित्र तीन ओटा र संवैधानिक तथा अन्य आयोगभित्र तीन गरी ४४ ओटा भन्दा बढी नीति र कानुन छन्। यसबाहेक विभिन्न अन्तर्राष्ट्रिय सन्धि सम्झौतामा पनि यसलाई अन्त्य गरिने राष्ट्रिय प्रतिबद्धता छ। तर, यसको कार्यान्वय पक्ष अझै कमजोर छ। जसको मुख्य कारणहरू मध्ये राज्यले अहिलेसम्म सम्बोधन गर्न नसकेका आर्थिक र सामाजिक समस्या नै पर्छन्। तसर्थ यो समस्यालाई कानुन कार्यान्वयनसँगसँगै आर्थिक, सामाजिक समस्याका हिसाबमा बुझेर त्यही अनुसार नियन्त्रण र रोकथामका प्रयासहरू गर्नुपर्ने देखिन्छ।

**सुझाव**

- यसको रोकथाम तथा न्यूनीकरणका लागि स्थानीय तहहरूमा मानव बेचबिखनविरुद्धको सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- सीमा नाकामा अभिलेख राख्ने व्यवस्थापनलाई तीन ओटै सरकारले प्राथमिकतामा राख्नुपर्ने,
- मानव बेचबिखन मुद्दाको फैसला नहुञ्जेलसम्म पीडितलाई खर्चको व्यवस्थापन राज्यले गर्नुपर्ने,
- फैसलाबाट पाउने क्षतिपूर्ति राज्यले तुरुन्त दिलाउने व्यवस्था हुनुपर्ने,
- मानव बेचबिखन पीडितहरूलाई पुनस्थापना गर्दा जीवनयापनका लागि आर्थिक सहयोग गर्नुपर्ने,
- न्याय चाँडो दिलाउने संयन्त्रको विकास गरिनुपर्ने,
- बेचबिखनमा परेकाहरूको उद्दारका लागि प्रदेश सरकार र स्थानीय सरकारलाई अधिकार हुनुपर्ने
- महिला वा बालबालिका हराएमा उनीहरूको फोनको अवस्थिति तुरुन्त पत्ता लगाउन नेपाल प्रहरीलाई अधिकार दिने न्यायिक व्यवस्था चुस्त हुनुपर्ने ।

**सन्दर्भ सामग्री**


घिमिरे, गोविन्द (२०८० पुस), कुराकानीमा आधारित, क्षेत्रीय प्रमुख, माइति नेपाल

चिमोरिया, नारायण (२०८० पुस), कुराकानीमा आधारित, एसपी, प्रदेश प्रहरी कार्यालय

भण्डारी, लेखनाथ, बालबालिका बेचबिखन मानव गरिमाविरुद्धको चुनौती, (साउन २०६०), प्राची, पृ. १०-१२,

रिजाल, खगेन्द्र प्रसाद (२०८०, मङ्सिर), कुराकानीमा आधारित, डिएसपी, जिल्ला प्रहरी कार्यालय, झापा।

सेतोपाटी (२०८० असोज १६) मानव बेचबिखनमा टिकटकको दुरुपयोग बढ्दै, सेतोपाटी ।
https://www.setopati.com/social/313044

मानव बेचबिखन नियन्त्रण: नाकामा प्रभावकारी निगरानी र सचेतना आवश्यक (२०७९ माघ ११)।
https://www.setopatra.com/detail/3737

पोखरेल, विनोद (२०८० पुस), कुराकानीमा आधारित, मोरङ संयोजक, माइती नेपाल